सुनवर्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डाईनिया, मोरङ

प.सं. २०८०/८१
च.नं.

कोशी प्रदेश, नेपाल

मितिः२०८१-०२-२७

## सामाजिक सुरक्षा भत्ता नविकरणका लागि Biometric Verification अनिवार्य गरिएको सम्बन्धी अत्यन्त जरूरी सूचना

१. प्रस्तुत विषयमा राष्ट्य परिचयपत्र तथा पञ्जीकरण विभागको च. नं. ३८५, मिति २०८१ वैशाख २४ गतेको प्राप्त पत्रानुसार देशैभरीका सम्पूर्ण वडा कार्यालयमा चरणबद्ध रूपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको आगामी आ.व. २०८१/०८२ देखि परिचयपत्र नवीकरण गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification (औंठा छाप सहितको प्रमाणिकरण) अनिवार्य गरिएको छ।

२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले हालसम्म पनि राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त नगर्ने लाभग्राहीहरूले निम्नानुसारको प्रक्रिया पुरा गरि प्राप्त गर्न सकिनेछ।

- लाभग्राहीहरूले जिल्ला प्रशासन कार्यालय विराटनगरबाट प्राप्त गर्नु/ गराउनुहुन सकिनेछ।
- पहिले नै प्राप्त गरेको भए दर्ता निस्सा नम्बरका आधारमा विभगको वेवसाइट https://citizenportal.donidcr.gov.np/ मा गई आफ्नो विवरण भरी राष्ट्रिय परिचयपत्र नम्बर यकिन गर्न सकिनेछ।
- निस्साको अन्तिमा लेखिए बमोजिम SMS मार्फत आफैले पनि राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गर्न सकिनेछ।
- थप जानकारीको लागि आ-आफ्नो वडा कार्यालयमा गई जानकारी लिन सकिनेछ।

३. राष्ट्रिय परिचयपत्रमा Enroll नभएका (नम्बर प्राप्त गर्नका लागि आवेदन नदिएका वा अन्य कारणले नम्बर प्राप्त नभएका) लाभग्रहीको Biometric Verification नभए आगामी आ.व. २०८१/०८२ का लागि सामाजिक सुरक्षा भत्ता नवीकरण नहुने र नवीकरण हुन नसके भत्ता प्राप्त नहुने भएकोले अनिवार्य राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त भए / नभएको यकिन गर्ने , प्रप्त नभएको खण्डमा जिल्ला प्रशासन कार्यालय विराटनगरमा सम्पूर्ण कागजात सहित स्वयम् उपस्थित भई परिचयपत्र नम्बर प्राप्त गर्नु /गराउनुहुन समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

४. यस अघि विभागको मिति २०८०/०७/१९ को च.नं. २४३ को पत्रमा बुँदा नं. ४ बमोजिम, १६ वर्ष माथिका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नयाँ नाम दर्ता गराउँदा नै राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य समावेस गर्नुपर्ने प्रावधान गरिसकेको व्यहोरा समेत पुनः जानकारी गराईन्छ।

५. प्रचलित कानून बमोजिम वितरण गरिँदै आएको सामाजिक सुरक्षा भत्तालाई वास्तविक लाभग्रही सामक्ष पुऱ्याउने र दोहोरो सुविधा प्राप्त गर्ने तथा दोहोरो दर्ता हुनसक्ने सम्भावनालाई समेत रोक्नका लागि नेपाल सरकारद्वारा जारी गरिएका यस किसिमका प्रावधान एवम् कार्यक्रमहरूलाई सफल बनाउनका लागि आफ्नो वडा अध्यक्ष लगायत जनप्रतिनिधिज्यूहरू, सामाजिक संघसंस्था, टोलविकास समिति लगायत सरोकारवालाहरूमा अनुरोध छ।

<u>अवगतार्थ</u>

१) श्री नगर प्रमुख ज्यूको सचिवालय।
२) श्री नगर उप-प्रमुख ज्यूको सचिवालय।

मञ्जय कुम्हार
(एम.आई.एस. अधिकृत)

रूद्र प्रसाद पुलामी
(प्रमुख प्रशासकीय अधिकृत)